# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, असार २७ गते २०४० साल (अतिरिक्ताङ्क १२

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजका हजूरमा देहायका मितिमा देहायबमोजिमका मन्त्री, राज्य-मन्त्री र सहायक मन्त्रीहरूले विद्यमान राजनैतिक परिस्थिति, राष्ट्र, राजमुकुट र निर्दलीय पञ्चायत व्यवस्थाको वृहद् हित, पञ्च एकता कायम गर्न जस्ता विभिन्न कारण दर्शाई वर्तमान मन्त्रिपरिषद्मा रहिरहन नैतिकताले उपयुक्त नदेखिएको भनी प्रधानमन्त्री श्री सूर्यबहादुर थापामार्फत् आ-आफ्नो पदबाट चढाउनु भएको राजीनामा मौसूफका हजूरमा जाहेर हुँदा, मौसूफबाट नेपालको संविधान बमोजिम उक्त राजीनामाहरू स्वीकृत गरिबक्सेको छ ।

| मन्त्री | | राजीनामा चढाएको मिति |
|---|---|---|
| १. पञ्चायत तथा स्थानीय विकास मन्त्री श्री नवराज सुवेदी | – | २०४०।३।२६ |
| २. अर्थ मन्त्री श्री यादवप्रसाद पन्त | – | २०४०।३।२६ |
| ३. परराष्ट्र र जलस्रोत मन्त्री श्री पद्मबहादुर खत्री | – | २०४०।३।२६ |
| **राज्यमन्त्री** | | |
| १. वन तथा भू-संरक्षण राज्यमन्त्री श्री तेजेन्द्रबहादुर खड्का | – | २०४०।३।२४ |
| २. सञ्चार राज्यमन्त्री श्री राघवेन्द्रप्रताप शाह | – | २०४०।३।२६ |
| ३. शिक्षा तथा संस्कृति राज्यमन्त्री श्री केशरबहादुर बिष्ट | – | २०४०।३।२६ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।